नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

# वन तथा भू-संरक्षण विभाग

४-२२७५७४
४-२२०३०३
४-२२१२३१
४-२१६३७९
४-२२१७४४
फ्याक्स: ४-२२७३७४

(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला।)

बबरमहल

काठमाडौं, नेपाल

प्राप्त पत्र संख्या र मितिः

पत्र संख्याः ०७६/७७

च. नं.: २२

मिति २०७६।०८।१७

विषय: तथ्यांक उपलब्ध गराउने सम्बन्धमा

श्री डिभिजन वन कार्यालय,
८४ वटा

प्रस्तुत विषयमा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगका माननीय अध्यक्षज्यूको अध्यक्षतामा महालेखा नियन्त्रकज्यू , वन तथा भू-संरक्षण विभागका महानिर्देशकज्यू र राष्ट्रिय निकुन्ज तथा वन्य जन्तु संरक्षण विभागका महानिर्देशकज्यू समेतको उपस्थितिमा मिति २०७६। ८।९ गरिएको बैठकको निर्णयानुसार हाल वन क्षेत्रको रोयाल्टीको तथ्यांक जिल्लागत रुपमा प्राप्त हुने गरेको हुँदा रोयाल्टी बाडफाँडमा सहजताको लागि आगामी दिनमा स्थानीय तहगत रुपमा वन रोयाल्टीको विवरण राख्ने र आयोग र महालेखा नियन्त्रक कार्यालयलाई उपलब्ध गराउने भनि राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग को प.सं. ०७६।०७७ च.नं ३०७ मिति २०७६।८।१३ को पत्रबाट लेखी आएको हुँदा आ.व. ०७६।०७७ देखि तहाँ कार्यालयको क्षेत्राधिकार भित्र पर्ने स्थानीय तह अनुसार वनको रोयल्टीको विवरण राखि यस विभाग तथा सम्बन्धित प्रदेश वन निर्देशनालयमा उपलब्ध गराउन हुन उक्त पत्रको छायाँप्रति यसै साथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

डा. राम प्रसाद लम्साल
महानिर्देशक
महानिर्देशक

# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
## National Natural Resources and Fiscal Commission

प. सः ०७६/७७
च. नं. / Ref: ३०७

मितिः२०७६/०८/१२

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

वन तथा भू-संरक्षण विभाग
दर्ता नं. २२९१
मिति: २०७६/८/१२

श्री वन तथा वातावरण मन्त्रालय, सिंहदरबार काठमाण्डौ ।
श्री महालेखा नियन्त्रकको कार्यालय, अनामनगर, काठमाडौं।
✓श्री वन तथा भू संरक्षण विभाग, बबरमहल, काठमाडौं।
श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल, काठमाडौं।

प्रस्तुत विषयमा यस आयोगका माननीय अध्यक्षज्यूको अध्यक्षतामा महालेखा नियन्त्रकज्यू, वन तथा भू संरक्षण विभागका महानिर्देशकज्यू र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशकज्यू समेतको उपस्थितिमा मिति २०७६ मंसिर ९ गते राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सभाकक्षमा आयोजना गरिएको बैठकबाट देहाय बमोजिम निर्णय भएकोले कार्यान्वयन तथा जानकारीका लागि निर्देशानुसार अनुरोध छ।

निर्णयहरु

१. राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागले उठाएको रोयल्टी रकम एकिकृत रुपमा मात्र प्राप्त हुने गरेकोमा उक्त रोयल्टी कुन कुन संरक्षित क्षेत्रबाट प्राप्त भएको हो सो को स्पष्ट विवरण खुलाइ आयोग तथा महालेखा नियन्त्रक कार्यालयलाई उपलब्ध गराउने ।

२. राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ बमोजिम साविकमा संरक्षित क्षेत्रबाट संकलित रोयल्टी रकम मध्ये मध्यवर्ती क्षेत्रलाई ३०-५० प्रतिशत रकम उपलब्ध गराउने व्यवस्था भएकोमा वर्तमान संविधान, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ बमोजिम साविकको व्यवस्था कार्यान्वयन गर्न मिल्ने अवस्था नभएकोले परिवर्तित व्यवस्था अनुरुप संघ, प्रदेश र स्थानिय तहमा क्रमश ५०,२५,२५ प्रतिशत रकम हस्तान्तरण हुने भएकोले उक्त रकमलाई साविकमा मध्यवर्ती क्षेत्रमा संचालन हुदै आएका कार्यक्रम तथा क्रियाकलापसँग के कसरी आवद्द गर्न सकिन्छ सो सम्बन्धमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको राय सुझाव माग्ने ।

३. हाल वन क्षेत्रको रोयल्टीको तथ्यांक जिल्लागत रुपमा प्राप्त हुने गरेको हुँदा रोयल्टी बाडफाँटमा सहजताको लागि आगामी दिनमा वन तथा भु-संरक्षण विभागले महालेखा नियन्त्रक कार्यालयसँग समन्वय गरि स्थानिय तहगत रुपमा वन रोयल्टीको विवरण राख्ने र आयोग र महालेखा नियन्त्रक कार्यालयलाई उपलब्ध गराउने ।

(इन्दिरा न्यौपाने)
शाखा अधिकृत

सिंहदरवार, काठमाडौं, नेपाल, फोन नं. + ९७७-१-४२००५९२, फ्याक्स: + ९७७-१-४२००५९३
Singh Durbar, Kathmandu, Nepal, Tel: +977-1-4200592, Fax: +977-1-4200593
E-mail: info@nnrfc.gov.np, Website: www.nnrfc.gov.np